# बैठक नं. ५२

आज मिति २०७६ साउन २६ गते आइतबार दिउँसो ४ बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १ स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमकोउपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री ध्रुवराज आचार्य | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |
| २३ | आमन्त्रित, आ.टी.अ. | श्री परशुराम चौलागाईं | |
| २४ | आमन्त्रित, सचिवालय | श्री संजिता लामा | |

# निर्णय नं.१

स्थानीय राजश्व परामर्श समितिको सिफारिस र प्रतिवेदनका आधारमा यस कीर्तिपुर नगरपालिका क्षेत्रमा चालु आ.व. २०७६/०७७ मा लगाईने घर/जग्गा बहाल कर असुलीलाई व्यवस्थित गर्नका लागि आगामी नगर सभाबाट अनुमोदन हुनेगरी तपशिल बमोजिमकोक्षेत्रगत रूपमा घर/जग्गा बहालको न्यूनतम दररेट निर्धारण गरी तत्कालैदेखि कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

## तपशिल

### कीर्तिपुर नगरपालिका अन्तरगतको घर बहालकोन्यूनतमदररेट (आ.व.२०७६/०७७)

| सि.नं | विवरण | प्रति महिना रु. |
|---|---|---|
| | **कीर्तिपुर नगरपालिका वडा नं. १,२ र १०** | |
| | **भुई तल्ला ( पसल कवल, सटर को हकमा )** | |
| १) | सिता पेट्रोल पम्प ट्याङ्ला चोक,कीर्तिपुर स्विमिङ पुल हुदै कीर्तिपुर चक्रपथ छुने घर जग्गा | ३,०००।– |
| २) | खसिबजार ,रमिते डाँडा चाँदनी चोक हुदै सिता पेट्रोल पम्प कीर्तिपुर चक्रपथ छुने घर जग्गा | ३,०००।– |
| ३) | खसिबजार ,बल्खु पुल देखि अमृतनगर ,ग्रीन उड भिल्ला, अजिमाख्यः हुदै कीर्तिपुर चक्रपथ छुने घर जग्गा | ३,०००।– |
| ४) | कलकी मितेरीपुल, मैत्रीनगर,नेपालभाषा एकेडेमी हुदै कीर्तिपुर चक्रपथ छुने घर जग्गा | ३,०००।– |
| ५) | अजिमाख्यः देखि ट्याङ्ला चोक सम्मको घर जग्गा | ३,०००।– |
| ६) | मिलनचोक देखि सिता पेट्रोल पम्प, खसिबजार देखि नापी कार्यालय सम्म, अमृतनगर देखि मैत्रीनगर सम्म, स्वर्गद्धारी देखि नेपालभाषा मार्ग, हेल्थपोष्ट देखि ट्याङ्ला चोक,सम्म | ३,०००।– |
| ७) | पूर्व त्रि.वि.कम्पाउण्डवाल,पश्चिम बल्खु खोला उत्तर काठमाण्डौं चक्रपथ एवं बल्खु खोला तथा दक्षिण कीर्तिपुर चक्रपथ यति चार किल्ला भित्र पर्ने वडा नं.१,२, १० को जग्गा | |
| | क) सहायक पक्की / कच्ची सडक | २,०००।– |
| | ख) गोरेटो बाटा | २,०००।– |
| ८) | माथि उल्लेखित सि.नं.१ देखि ७ सम्म को घर जग्गामा पहिलो तल्ला (माथिल्लो तल्ला) को बहाल कर | २,०००।– |
| | | |
| | **कीर्तिपुर नगरपालिका वडा नं. १,२,३ , ९ र १० कीर्तिपुर चक्रपथ तथा त्यस भित्रको क्षेत्र** | |
| | **भुई तल्ला ( पसल कवल, सटर को हकमा )** | |
| ९) | कीर्तिपुर चक्रपथ सडकको लोकतान्त्रिक चोक हुदै ,कीर्ति बिहार सोह्रखुट्टे पाटि र ढोकासी (पोडे टोल ) जाने बाटो सम्मको घर जग्गा | ३,०००।– |
| १०) | कीर्तिपुर चक्रपथ सडकको कीर्ति बिहार सोह्रखुट्टे पाटि र ढोकासी (पोडे टोल ) जाने बाटो हुदै , पाँगा दोबाटा, तगःवपी , ९ नं. वडा कार्यालय, पिपलबोट बर्खाहिति सम्मको घर जग्गा | ५,०००।– |
| ११) | कीर्तिपुर चक्रपथ सडकको , ९ नं. वडा कार्यालय, पिपलबोट बर्खाहिति हुदै खासी बजार, पुलिस चौकी, ३ नं. वडा कार्यालय, सः सः रेष्टुरेण्ट,देवढोका नगरपालिका कार्यालय, बिष्णुदेवी अस्पताल, मंगल मा.बि.,नयाँ नगरपालिका कार्यालय सम्मको घर जग्गा | २,०००।– |
| १२) | कीर्तिपुर नगरपालिका वडा नं. १,२,३ , ९ र १० चक्रपथ भित्र | |
| | क) सहायक पक्की /कच्ची सडक | २,०००।– |
| | ख) गोरेटो बाटो | २,०००।– |
| १३) | माथि उल्लेखित सि.नं.९ देखि १२ सम्म को घर जग्गामा पहिलो तल्ला (माथिल्लो तल्ला) को बहाल कर | २,०००।– |
| | | |
| | **कीर्तिपुर नगरपालिका वडा नं. ३,४,५, ७,८, ९** | |
| १४) | पाँगा चोक हनुमान घाट सम्म | ३,०००।– |
| १५) | हनुमान घाट देखि पाँगा ढोकासी, सालीक ,विष्णुदेवी चोक हुदै चोभार गेट सम्म | २,०००।– |
| १६) | पाँगा दोबाटो देखि भाजंगल , चिखु सम्म (मसानघाट) सम्मको | ३,०००।– |

| | | |
|---|---|---|
| १७) | भाजंगल, चिखु सम्म (मसानघाट) भाजंगल पुरानो बस्ती प्रवेश विन्दु (पानी ट्याङकी) सम्मको | २,०००।– |
| १८) | कीर्तिपुर प्रथम जग्गा एकिकरण आयोजना भित्रको घर जग्गा | ३,०००।– |
| १९) | पाँगा वडा नं. ८ सुन्दर बजार, कृष्ण सिने भिजन, पाँगा खाःपुखु, चिखु नगाँउ दोबाटो, खाःपुखु हुदै वालकुमारी मन्दिर (भत्केपाटी जाने मुलबाटो )सम्म पाँगा वडा नं. ८ सुन्दर बजार , कृष्ण सिने भिजन ,पाँगा खाःपुखु हुदै भत्केपाटी जाने मुलबाटो सम्म , पाँगा वडा नं. ८ सुन्दर बजार देखि बसुन्धरा मन्दिर सम्म | २,०००।– |
| २०) | भाजंगल चोक (मर्जिमानको पसल) देखि दहन ,जनसेवा ईचुगाँउ हुदै टौदह राराहिल सडक सम्मको | २,०००।– |
| २१) | पाँगा दहन देखि माथिल्लो चारघरे सम्मको पक्की सडकमा बनेको घर जग्गा | २,०००।– |
| २२) | राराहिल, जाखाः हुदै ६नं.वडा सिमाना लनगोल सम्म | २,०००।– |
| २३) | नगाउ दोबाटो देखि राराहिल चोक , भत्केपाटीको मुलबाटो सम्म | ३,०००।– |
| २४) | भत्केपाटीको मुलबाटो हुदै सिताराम गोकुल मिल्क्स जाने र चम्पादेवी जाने दोबाटो साइराम चोक) सम्म | २,०००।– |
| २५) | ३ नं.वडा कार्यालय देखी राराहिल सम्मको ढल्पा बाटो | ३,०००।– |
| २६) | सिताराम गोकुल मिल्क्स र चम्पादेवी जाने दोबाटोदेखि पुष्पलाल प्रतिष्ठान सम्म | २,०००।– |
| २७) | मानेडाडा दोबाटो देखिज्वालादेवी मार्ग ,पुष्पलाल प्रतिष्ठान जाने दोबाटो सम्म -(ज्वालादेवी मार्ग) | २,०००।– |
| २८) | साझापसल देखि मच्छेनारायण मन्दिर जाने बाटो | २,०००।– |
| २९) | सिताराम गोकुल मिल्क्स र चम्पादेवी जाने दोबाटोदेखि चम्पादेवी पाउ सम्म | २,०००।– |
| ३०) | विश्व राष्ट्र मा.वि.देखि सल्यानस्थान हुदै कीर्तिपुर चक्रपथ सागल सम्म(सल्यानथान चक्रपथ) | २,०००।– |
| ३१) | त्रि.वि. गेट, यस नगरपालिका र काठमाडौ महानगरपालिका सिमान,चोभार गेट हुदै हिमाल सिमेन्ट चोकको कलभर्ट (दक्षीणकाली मार्ग)सम्म | ३,०००।– |
| ३२) | हिमाल सिमेन्ट चोकको कलभर्ट,हिमाल सिमेन्ट चोक,टौदह हुदै खहरे खोला सम्मको ईश्वरी मार्ग ( दक्षीणकाली मार्ग)सम्म | ३,०००।– |
| ३३) | टौदह, चुईगाउ हुदै लनगोल,५नं.वडाको सिमाना सम्म | २,०००।– |
| ३४) | थापागाउ दोबाटो, आचार्य टोल, भुतखेल हुदै ईश्वरी मार्ग( दक्षीणकाली मार्ग)सम्म | २,०००।– |
| ३५) | हिमाल सिमेन्ट चोक, चोभारदेखि जलविनायक हुदै सैवु जोड्ने बागमती पुलसम्मको बाटो | ३,०००।– |
| ३६) | कीर्तिपुर नगरपालिका वडा नं. ३,४,५,७,८,९ भित्र पर्ने बाटो स्पष्ट नभएको जग्गा (वडा नं.३,९ को हकमा कीर्तिपुर चक्रपथ भित्र पर्ने क्षेत्र वाहेक) | |
| | क) सहायक पक्की /कच्ची सडक | २,०००।– |
| | ख) गोरेटो बाटो | २,०००।– |
| ३७) | माथि उल्लेखित सि.नं. १४ देखि ३६ सम्म को घर जग्गामा पहिलो तल्ला (माथिल्लो तल्ला) को बहाल कर | २,०००।– |

## निर्णय नं.२

यस नगरपालिकामा संचालन भईरहेका तथा संचालन हुने पानी ट्याङ्कर तथा पानी व्यवसायहरुलाई करको दायरामा ल्याउनका लागि कीर्तिपुर नगरपालिका वडा नं.६ को वडा कार्यसमितिको निर्णय तथा राजश्व परामर्श समितिको सिफारिस अनुसार तपशिल बमोजिमको दररेट निर्धारण गरी कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

| क्र.स | विवरण | रकम रू. | अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | प्रति पानी व्यवसायी | ६००० | मासिक | |
| २ | १२००० लि सम्म क्षमताको प्रति टंयाङ्कर | २५०० | मासिक | |
| ३ | ६००० लि सम्म क्षमताको प्रति टंयाङ्कर | २००० | मासिक | |
| ४ | २००० लि सम्म क्षमताको प्रति टंयाङ्कर | १००० | मासिक | |

## निर्णय नं.३

२०७६/३/२५ मा सम्पन्न यस नगरपालिकाको पाचौं नगर सभाले स्वीकृत गरेको यस नगरपालिकाको आर्थिक ऐन,२०७६ को दफा ९ मा यस नगरक्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (७) बमोजिमको मनोरञ्जन कर बापत प्रवेश शुल्कमा ३% तोकिएको र प्रदेश कानुन स्वीकृत भै सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने उल्लेख भएकोमा प्रदेश नं.३, आर्थिक ऐन,२०७६ को दफा ४ मा प्रदेश नं.३ भित्रको मनोरञ्जन व्यवसायमा मनोरञ्जन कर ५% निर्धारण भएकोले सोही दररेट कायम गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

## निर्णय नं.४

यस नगरपालिकाको पाचौं नगर सभाबाट स्वीकृत कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनका लागि पर्याप्त जनशक्ति उपलब्ध नभएकोले कार्यक्रमगत रुपमा थपजनशक्ति व्यवस्थापन गर्न कीर्तिपुर नगरपालिकाको सामान्य प्रशासन समितिले सिफारिस गरेका निम्न बमोजिमको जनशक्ति नगरपालिकाबाट स्वीकृत " कीर्तिपुर नगरपालिकामा करारमा प्राविधिक तथा परियोजनामा कर्मचारी र सामाजिक परिचालक व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६" अनुसार करारमा पदपूर्ती गर्नका लागि दफा "५" बमोजिमको समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

| सि.न | पद | तह | संख्या | न्यूनतम शैक्षिक योग्यता | मासिक सुविधा (रु) | बजेट/श्रोत/ स्वीकृत कार्यक्रम | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ईन्जिनियर | अधिकृत स्तर छैठौं तह | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्ट वा सिभिल विषयमा बि.ई. उत्तीर्ण गरेको | ३०,००० | KMEBPS –I | ८०० | कम्प्युटर सीप भएको हुनुपर्ने |
| २ | स्वंमसेवी | | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको | १५,००० | KMEBPS –I | ३०० | कम्प्युटर सीप भएको हुनुपर्ने |
| ३ | स्वंमसेवी | | ४ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको | १५,००० | फोहोर व्यवस्थापन कार्यक्रम | ३०० | कम्प्युटर सीप भएको हुनुपर्ने |
| ४ | जुनियर ईन्जिनियर | सहायक स्तर पाँचौ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्ट वा सिभिल विषयमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको | २५,००० | सार्वजनिक जमिन संरक्षण कार्यक्रम | ६०० | कम्प्युटर सीप भएको हुनुपर्ने |
| ५ | अमिन | सहायक स्तर चौथो | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाटभूमि सर्भेक्षण विषयमा १२ महिने आधारभूत नापी तालिम लिएको | २०,००० | सार्वजनिक जमिन संरक्षण कार्यक्रम | ४०० | कम्प्युटर सीप भएको हुनुपर्ने |
| ६ | कानून सहायक | सहायक स्तर चौथो | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको | २०,००० | सार्वजनिक जमिन संरक्षण कार्यक्रम | ४०० | कम्प्युटर सीप भएको हुनुपर्ने |
| ७ | ईन्जिनियर | अधिकृत स्तर छैठौं तह | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्ट वा सिभिल विषयमा बि.ई. उत्तीर्ण गरेको | ३०,००० | जग्गा एकीकरण कार्यक्रम | ८०० | कम्प्युटर सीप भएको हुनुपर्ने |

| सि.न | पद | तह | संख्या | न्यूनतम शैक्षिक योग्यता | मासिक सुविधा (रु) | बजेट/श्रोत/ स्वीकृत कार्यक्रम | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ८ | जुनियर ईन्जिनियर | सहायक स्तर पाँचौ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्ट वा सिभिल विषयमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको | २५,००० | जग्गा एकीकरण कार्यक्रम | ६०० | कम्प्युटर सीप भएको हुनुपर्ने |
| ९ | अमिन | सहायक स्तर चौथो | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाटभूमि सर्भेक्षण विषयमा १२ महिने आधारभूत नापी तालिम लिएको | २०,००० | जग्गा एकीकरण कार्यक्रम | ४०० | कम्प्युटर सीप भएको हुनुपर्ने |
| १० | हेभि ईक्युपमेन्ट चालक | श्रेणी विहिन | १ | साधारण लेखपढ गर्न जान्ने र हेभी ईक्युपमेन्ट चालक अनुमति पत्र भएको | २५,००० | जग्गा एकीकरण कार्यक्रम | ३०० | |
| ११ | उप सम्पादक | सहायक स्तर पाँचौ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको | २५,००० | प्रकाशन कार्यक्रम | ६०० | कम्प्युटर सीप भएको हुनुपर्ने |
| १२ | प्रकाशन सहायक (सेटिङ म्यान) | सहायक स्तर चौथो | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको | २०,००० | प्रकाशन कार्यक्रम | ४०० | कम्प्युटर सीप भएको हुनुपर्ने |
| १३ | हकर (स्वंमसेवी) | | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको | १५,००० | प्रकाशन कार्यक्रम | ३०० | |
| १४ | फर्मासिस | सहायक स्तर पाँचौ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा डिप्लोमा वा सो | २५,००० | जेष्ठनागरिक औषधी बितरण कार्यक्रम | ६०० | कम्प्युटर सीप भएको हुनुपर्ने |

| सि.न | पद | तह | संख्या | न्यूनतम शैक्षिक योग्यता | मासिक सुविधा (रु) | बजेट/श्रोत/ स्वीकृत कार्यक्रम | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सरह उत्तीर्ण गरेको | | | | |
| १५ | कम्प्युटर अपरेटर | सहायक स्तर चौथो | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको | २०,००० | जेष्ठनागरिक औषधी बितरण कार्यक्रम | ४०० | कम्प्युटर सीप भएको हुनुपर्ने/ फार्मेसी सम्बन्धी ज्ञान भएको |
| १६ | कानून अधिकृत | अधिकृत स्तर छैठौं तह | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानुन संकायमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको | ३०,००० | न्यायिक समिति व्यबस्थापन कार्यक्रम | ८०० | कम्प्युटर सीप भएको हुनुपर्ने |
| १७ | कानून सहायक | सहायक स्तर पाँचौ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानुन संकायमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको | २५,००० | न्यायिक समिति व्यबस्थापन कार्यक्रम | ६०० | कम्प्युटर सीप भएको हुनुपर्ने |
| १८ | अभिलेखकर्ता (स्वंमसेवी) | | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाण पत्र तह उत्तीर्ण गरेको | १५,००० | न्यायिक समिति व्यबस्थापन कार्यक्रम | ३०० | कम्प्युटर सीप भएको हुनुपर्ने |
| १९ | जुनियर ईन्जिनियर | सहायक स्तर पाँचौ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्ट वा सिभिल विषयमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको | २५,००० | खाल्डाखुल्डी व्यबस्थापन कार्यक्रम | ६०० | कम्प्युटर सीप भएको हुनुपर्ने |
| २० | श्रेणी बिहिन (सहायक) | श्रेणी बिहिन | ४ | साधारण लेखपढ | १५,००० | खाल्डाखुल्डी व्यबस्थापन कार्यक्रम | ३०० | |
| २१ | राजश्व संकलन | सहायक स्तर पाँचौ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्य शास्त्र | २५,००० | राजस्व व्यवस्थापन कार्यक्रम | ६०० | कम्प्युटर सीप भएको हुनुपर्ने |

| सि.न | पद | तह | संख्या | न्यूनतम शैक्षिक योग्यता | मासिक सुविधा (रु) | बजेट/श्रोत/ स्वीकृत कार्यक्रम | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | टोली संयोजक | | | वा अर्थ शास्त्रमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको | | | | |
| २२ | राजस्व संकलक (स्वंमसेवी) | | ४ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको | १५,००० | | ३०० | कम्प्युटर सीप भएको हुनुपर्ने |

पुनश्चः उल्लेखित पदका उमेद्वारहरुको उमेरहद २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनपर्नेछ ।

**निर्णय नं.५**

यस नगरपालिका अन्तरगत विभिन्न विषयमा स्वयमं सेवा वा प्रयोगात्मक अभ्यास (Intern) गर्न इच्छुक व्यक्तिहरुलाई उक्त कार्य गराउनका लागि तपशिल बमोजिम हुने गरी १५ दिने सार्वजनिक सूचना आहवान गर्ने निर्णय गरीयो ।

तपशिलः

| क्र.स | विवरण/ विषयक्षेत्र | संख्या | न्यूनतम शैक्षिक योग्यता | उपलब्ध गराईने सुविधा | कैफियत |
|---|---|---|---|---|---|
| १ | ईन्जिनियर ( आर्किटेक्ट / सिभिल ) | ५ | मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्ट वा सिभिल विषयमा बि.ई. उत्तीर्ण गरेको | हाजिर भएको दिनको दैनिक खाजा खर्च रू.२०० र परिवहन खर्च रू.१०० उपलब्ध गराईनेछ । | |
| २ | सूचना प्रविधि ईन्जिनियर | २ | सूचना प्रविधि वा कम्प्युटर ईन्जिनियरिङ्ग विषयमा बि.ई वा सो सरह उत्तीर्ण गरेको | हाजिर भएको दिनको दैनिक खाजा खर्च रू.२०० र परिवहन खर्च रू.१०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | उपलब्ध गराईनेछ । | |
| ३ | माध्यामिक तहका विभिन्न विषयका स्वयमंसेवी शिक्षक | ६ | सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको | हाजिर भएको दिनको दैनिक खाजा खर्च रू.२०० र परिवहन खर्च रू.१०० उपलब्ध गराईनेछ । | अंग्रेजी विषयका लागि — २<br>गणित विषयका लागि — २<br>विज्ञान विषयका लागि - २ |
| ४ | कार्यालय अभ्यास<br>( Office Intern) | ५ | वाणिज्य शास्त्र वा व्यवस्थापन विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको | हाजिर भएको दिनको दैनिक खाजा खर्च रू.२०० र परिवहन खर्च रू.१०० उपलब्ध गराईनेछ । | |

पुनश्चः उल्लेखित पदका उमेद्वारहरुको उमेरहद २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनपर्नेछ ।

## निर्णय नं.६

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं.३ को मिति २०७६/०४/२४, प.सं.४५, च.नं. २०७६/०७७ को प्राप्त पत्रानुसार कृषि विकासको विभिन्न कार्यक्रमहरु संचालन गर्नाका लागि वाली प्राथमिकिकरण गर्नु भनी अनुरोध भई आएको हुदाँ तपशिल बमोजिमको वाली प्राथमिकिकरण गरी पठाउने निर्णय गरियो ।

| स्थानीय निकायको नाम | वडा नं. | गाउँ/टोल | प्रथमिकता प्रदत वाली | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाचौं | |
| कीर्तिपुर न.पा | १ | टयाङ्लाफाट | धान | गहु | तरकारी | | | |
| | २ | ख्वयँला | धान | गहु | | | | |
| | ३ | कारधः | धान | गोलभेडा | तरकारी | | | |
| | | नायगाः | धान | | | | | |
| | ४ | घारी/सिम | धान | गहु | | | | |
| | | झुलपोखरी | धान | गहु | | | | |
| | | सल्यानस्थान | धान | गहु | | | | |
| | | बस्तीक्षेत्र | मकै | भटमास | सिमिबोडी | तरकारी | च्याउ | |
| | ५ | मगःवु फाँट | धान | गहु | | | | |
| | | बोसिन्डोल | गोलभेडा | तरकारी | | | | |
| | ६ | चारघरे | मकै | काउली | | | | |
| | | मगःफाँट | धान | गहु | मकै | जौ | | |
| | | क्वार फाँट | धान | गहु | मकै | आलु | | |
| | | नौमुले फाँट | गोलभेडा | | | | | |
| | | टौदह बस्ती | आलु | च्याउ | काउली | | | |
| | ७ | नमख्वा फाँट | धान | गहु | | | | |
| | | भैमन टार | धान | गहु | | | | |
| | | खरपानी | मकै | | | | | |
| | ८ | चिखु | धान | | | | | |
| | ९ | झख्य | फलफुल | | | | | |
| | | अखाचा | गोलभेडा | | | | | |
| | | ढल्पा | धान | | | | | |
| | १० | टयाङ्लाफाट | धान | | | | | |

## निर्णय नं.७

संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६/०४/२३ गते, प.सं.२०७६/०७७, च.नं. २१ को प्राप्त पत्रामा उल्लेख भई आएको प्रधानमन्त्री रोजगार कार्यक्रम संञ्चालन निर्देशिका,

२०७६ मा भएको राजगारी सम्बन्धी यवस्था कार्यान्वयन गर्नका लागि स्थानीय तहहरुले आफ्नो विभिन्न योजना तथा कार्यक्रमहरुमा सूचीकृत बेरोजगारहरुलाई संलग्न गराउनु पर्ने भनी लेखी आएको हुदाँ यस कीर्तिपुर नगरपालिकामा पनि आफ्नो योजना तथा कार्यक्रमहरु संचालन गर्दा सूचीकृत बेरोजगारहरुलाई संलग्न गराउने र प्राविधिक दृष्टिकोणबाट मेशिनको प्रयोग गर्नुपर्ने भएमा वा कामदार उपलब्ध हुन नसकेमा मेशिन तथा उपकरणको प्रयोग गर्ने गराउने निर्णय गरियो ।

## निर्णय नं.८

संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६/०४/१९ गते, प.सं.२०७६/०७७, च.नं. ११ को प्राप्त पत्रानुसार सामाजिक कु-संस्कार र कुरीतिको रुपमा रहेको जातीय भेदभाव तथा छुवाछुतको अन्त्य गरी दलित समुदायको मानव अधिकारको संरक्षण र संवर्धन गर्नका लागि स्थानीय तहले आफ्नो नीति, योजना, कार्यक्रम र बजेटमा छवाछुत तथा जातिय भेदभाव अन्त्य गर्न प्राथमिकता दिनु पर्ने तथा दलित अधिकार प्रवर्द्धन संयन्त्रको गठन गरी क्रियाशील बनाउने भनी लेखी आएकोमा यस कीर्तिपुर नगरपालिकाका नगर उप-प्रमुख ज्यूको संयोजकत्तोमा सबै वडाका निर्वाचित दलित महिला सदस्यहरु रहने तथा दलित उत्थान एवं हकहितको क्षेत्रमा काम गरिरहेका विभिन्न संघ संस्था एवं दलित अधिकारकर्मीहरुलाई समेत आवद्ध गरी नगर स्तरिय संयन्त्र र वडास्तरमा वडा अध्यक्षको अध्यक्षतामा संयन्त्र गठन गर्ने निर्णय गरियो ।

## निर्णय नं.९

कीर्तिपुर नगरपालिकाको वडा नं.६ स्थित टौदह पोखरी एक ऐतिहासिक, साँस्कृतिक र पर्यटकिय दृष्टिकोणले महत्वपूर्ण स्थान रहेको र यसको थप प्रवर्द्धन र व्यवस्थित विकासका लागि विज्ञ परामर्शदाता मार्फत टौदह पोखरीको प्रारम्भिक वातावरणीय परिक्षण (IEE)सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी तथा निश्चित मापदण्ड सहितको वरिपरिको भौतिक संरचाना निर्माण लगायतका विभिन्न विषयमा चालू आ.व.का लागि गत आ.व बाट जिम्मेवारी सरी आएको वडा नं.६ को टौदह पोखरी वाटर फाउन्टेन निर्माण शीर्षकमा विनियोजित रकम रू.३७,५०,०००।— (सड्तीस लाख पचास हजार मात्र) मध्यबाट अध्ययन गर्ने गराउने निर्णय गरियो ।

# बैठक नं.५१

## २०७६/०४/१५

### निर्णय नं.१

कीर्तिपुर नगरपालिकाकोक्षेत्रभित्र स्थायी बसोबास गर्ने जेहेन्दार तथा विपन्न विद्यार्थीहरुलाई शैक्षिक योग्यताको प्रमाणपत्र ( एकेडेमिक सर्टिफिकेट ) धितो राखेर सहुलियत ब्याज दरमाकर्जा परिचालनलाई सरल, सहज र प्रभावकारी बनाउनका लागि " **कीर्तिपुर नगरपालिका, शैक्षिक कर्जा दिने सम्बन्धमा बनेको निर्देशिका, २०७६**" उपर वृहत छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो।

### निर्णय नं.२

आ.ब. २०७६/०७७ को वडागत वार्षिक कार्यालय संचालन तथ प्रशासनिक बजेट खर्चको वाँडफाड निम्नानुसार गर्ने निर्णय गरियो ।

| क्र.स. | खर्च शिर्षक | खर्च संकेत नं | मासिक | वार्षिक | कैफियत |
|---|---|---|---|---|---|
| 1 | बैठक भत्ता (मासिक वडा समितिको बैठक वढीमा २ वटा, कार्यालय समय बाहेकको समय वा सार्वजनिक विदाका दिन बस्नुपरेमा मात्र) | २११४१ | १२००० | १४४००० | |
| 2 | पानी तथा विजुली महशुल र जार तथा बोटल पानी समेत | २२१११ | ३५०० | ४२००० | |
| 3 | टेलिफोन महशुल , इन्टरनेटको महसुल , वडाध्यक्ष ,वडा सचिव तथा अन्य कर्मचारी र पदाधिकारीको सीमा अनुसारको | २२११२ | ५००० | ६०००० | |
| 4 | वडाध्यक्ष र वडा सचिव/ सहायक सचिवहरुको मासिक सिमा अनुसारको इन्धन र सो लगायतअन्य प्रयोजनको इन्धन | २२२१२ | ४५०० | ५४००० | |
| 5 | कार्यालयका मसलन्द तथा स्टेशनरी , पत्रपत्रिका तथाकार्यालय सामग्री र छपाई आदि | २२३११ | ७००० | ८४००० | |
| 6 | सवारी साधनहरु मर्मत , मेशीनरी औजारहरु तथा फर्निचर मर्मत आदि | २२२९१ | ५५०० | ६६००० | |
| 7 | विविध खर्च ( बैठकको चिया नास्ता, अतिथि सत्कार , अतिरिक्त समयमाकाम गर्दा चिया नास्ता) | २२७११ | ७५०० | ९०००० | |
| | **जम्मा** | | **४५०००** | **५४००००** | |

**नोटः-**उल्लेखित मासिक बजेट सीमाभित्र रही कुनै शीर्षकमा रकम अपुग तथा कुनैमा वढी हुन गएमा मासिक सीमा ननाघ्ने गरी वडा समितिको निर्णयानुसार खर्च मिलान गर्न सकिने ।

## निर्णय नं.३

कीर्तिपुर नगरपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरु संचालन गर्नुपर्दा लागि प्रतिदिन बजेटको अधिकतम नर्म्स तपशिल बमोजिम कायम गरी लागु गर्ने निर्णय गरियो ।

| सि.न. | विवरण | वडा स्तर | न.पा. स्तर | कैफियत |
|---|---|---|---|---|
| १ | चिया/खाजा नास्ता खर्च प्रति जना | रु. २००/- | रु. २००/- | खाना समेत खुवाउनु पर्ने भएमा पुष्ट्याई सहित अग्रिम स्वीकृति लिएमा खाना खर्च रु. ३५०/- र खाजा खर्ज रु. १५०/- मात्र |
| २ | मसलन्द (स्टेसनरी) खर्च प्रति जना | रु.१००/- | रु. १००/- | कार्यक्रम अवधिभरको एकमुष्ठ |
| ३ | Handsout कार्यपत्र | रु. ५००/- | रु. ८००/- | प्रति सेसन |
| ४ | प्रशिक्षक भत्ता (प्रति सेसन) अधिकृत स्तर प्रशिक्षकका लागि | रु. १५००/- | रु. २०००/- | |
| ५ | प्रशिक्षक भत्ता (प्रति सेसन) सहायक स्तर प्रशिक्षकका लागि | रु. १०००/- | रु. १०००/- | |
| ६ | कार्यक्रम संयोजक/प्रतिवेदक भत्ता (१ जना) | रु. ६००/- | रु. १०००/- | कार्यक्रम अवधिभरको एकमुष्ठ |
| ७ | सहयोगिभत्ता (१ कार्यक्रममा बढीमा २ जना भन्दा बढी नहुने गरी) | रु. ३००/- | रु. ३००/- | कार्यक्रम अवधिभरको एकमुष्ठ |
| ८ | हल भाडा (न्युनतम दरमा) | प्रचलित दर अनुसार | प्रचलित दर अनुसार | प्रति दिनको |
| ९ | फ्लेक्स व्यानर (आकारका आधारमा) | प्रचलित दर अनुसार | प्रचलित दर अनुसार | कार्यक्रम अवधिभरको एकमुष्ठ |
| १० | मसलन्द खर्च प्रशिक्षण कार्यका लागि | रु. २०००/- | रु. २५००/- | कार्यक्रम अवधिभरको एकमुष्ठ |
| ११ | विविध | रु. १०००/- मा नबढ्ने गरी | | कार्यक्रम अवधिभरको एकमुष्ठ |

**नोटः-** यसमा उल्लेख नभएका र लामो अवधिको लागि तालिम तथा कार्यक्रम सञ्चालन भएमा तालिम कार्यक्रमको प्रकृति अनुसार कार्यक्रमको प्रस्ताव तथा लागत अनुमान स्वीकृत गराए बमोजिम हुनेछ । साथै विशेष महत्वका कार्यक्रम स्तरीय होटेल, रेष्टुरेन्ट, ब्यांक्वेट वा क्याटरिङमा गर्नुपर्ने भएमा कार्यक्रमको औचित्यता र कारण पुष्ट्याई गरी खाजा बढिमा रु. ३००/- र खाना वढिमा रु. ५००/- तथा खाजा र खाना दुवै गर्नुपर्ने भएमा वढीमा एकमुष्ट रु. ७००/- हुने गरी नगर प्रमुखबाट स्वीकृती गराई गर्न सकिने ।

## निर्णय नं.४

कीर्तिपुर नगरपालिकाको १० वटै वडाहरुका लागि नागरिक वडापत्र स्वीकृति गर्ने निर्णय गरियो ।

निर्णय नं.५

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.३, हेटौडाको मिति २०७६/०४/१० गते को प.सं २०७६/०७७, च.नं. २३ को पत्रानुसार साझेदारी कार्यक्रमको लागि प्रस्ताव माग गरिएकोमा यस नगरपालिकाको लागि नगर सभाबाट स्वीकृत निम्मानुसारका योजनाहरु प्रस्ताव गर्ने निर्णय गरियो ।

| क्र.स | योजनाको नाम | लागत (अनुमान) | स्थानीय तहले व्यहोर्ने रकम (५०%) | कैफियत |
|---|---|---|---|---|
| १ | समल स्थित शहिद राराहिल पार्कको लागि आवश्यक पूर्वाधार निर्माण, वडा नं.३ | ६०,००,०००/- | ३०,००,०००/- | |
| २ | नगरपालिकाको प्रशासनिक भवनहरु तथा नगरक्षेत्रमा सी.सी टि.भी क्यामेरा जडान | ८०,००,०००/- | ४०,००,०००/- | |
| ३ | न्यायिक समिति व्यवस्थापन तथा क्षमता विकास | ३०,००,०००/- | १५,००,०००/- | |

निर्णय नं.६

सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली २०६५ बमोजिम सार्वजनिक सरोकारको सूचना उपलब्ध गराउनका लागि नगरकार्यपालिका कार्यालयमा एक जना सूचना अधिकारी तोकिएकोमा पछिल्लो समयमा वडास्तरका विभिन्न विषयमा सूचना माग हुने गरेको र ती सूचना कार्यपालिका कार्यालयमा उपलब्ध नहुँदा मागकर्तालाई वडाबाटै मागेर उपलब्ध गराउनु पर्ने अवस्था सिर्जना हुँदा सूचना मागकर्तालाई शीघ्र रुपमा सूचना उपलब्ध गराउन कठिनाई हुने भएकाले यस नगरपालिकाका १० वटै वडाको माग बमोजिमको सूचना उपलब्ध गराउने प्रयोजनका लागि कार्यालयको सूचना अधिकारीको मातहत तथा निर्देशनमा रही कार्य गर्न १० वटै वडाका वडा सचिवहरुलाई सहायक सूचना अधिकारी तोक्ने र सूचनाकको हकको सम्मान र संरक्षण गरी माग बमोजिमको सार्वजनिक सरोकारको सूचना उपलब्ध गराउन सबै वडाध्यक्ष समते उत्तिकै जिम्मेवार बन्ने निर्णय गरियो ।

निर्णय नं.७

यस कीर्तिपुर नगरकार्यपालिकाको कार्यालयमा हालसम्म आन्तरिक लेखापरीक्षण अधिकृत तथा आन्तरिक लेखापरीक्षण शाखाको व्यवस्था भैनसकेको र नेपाल सरकारबाट खटी आएको लेखा अधिकृतलाई सो सम्बन्धी

कार्य गर्न तोकिएकोमा निजको समेत अन्यत्रै समायोजन भैगएकोले गत आ.व.२०७५/०७६ को बाँकी अवधीको आन्तरिक लेखा परीक्षण गर्नका लागि कोष तथा लेखा नियन्त्रक कार्यालय, त्रिपुरेश्वरलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.८**

आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०७६/०४/१५ गते, प.सं.२०७६/०७७, च.नं. ४६ र ४७ को प्राप्त पत्रानुसार स्थानीय तहले प्रदेश सरकारबाट सञ्चालन गर्ने समपूरक अनुदानका योजनाहरु र विशेष अनुदानका योजनाहरु प्रस्ताव गर्न लेखी आएकोमा पाचौं नगरसभाको निर्णय नं.१२ बाट समपूरक र विशेष अनुदानका योजना छनौट गरी अनुरोध गर्न नगरकार्यपालिकालाई अधिकार प्रत्यायोजन गरे बमोजिम तपशिल बमोजिमका समपूरक अनुदान र विशेष अनुदानका योजनाहरु प्रस्ताव गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स | योजनाका नामहरु | लागत (अनुमान) | स्थानीय तहले व्यहोर्ने रकम (५०%) | लाभान्वित संभाव्य जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा नं.७ र ५ स्थित भाजंगल-जनसेवा-ईन्चुगाउँ सडकमा फुटपाथ निर्माण | २७,३४,७७५।७६ | १,३६,७३,६३७।८८ | १६००० | समपूरक अनुदानको योजना |
| २ | वडा नं.९ स्थित नगाउँ दोबाटोदेखि वडा नं.४ स्थित चम्पादेवी (पुष्पलाल पार्क) सडक सुधार | २,६५,२९,७०७।५८ | १,३२,६४,८५३।७९ | १५००० | समपूरक अनुदानको योजना |
| ३ | वडा नं.४ स्थित तामाङ गाउँ, बस्नेत गाउँमा खानेपानी व्यवस्थापन | ९२,७५,७९७।३६ | | १६०० | विशेष अनुदानको योजना |